# संघीय संसद
## प्रतिनिधि सभा, २०७९
## दोस्रो अधिवेशन
## बैठक संख्या - ३३

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार ८ गते शुक्रबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

प्रारम्भमा माननीय सदस्यहरूले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा अविरल वर्षाका कारण ओखलढुङ्गाको चम्पादेवी-८, विलन्दुमा आएको पहिरोले एकैघरका ४ जनाको मृत्यु भएको, उच्च अदालतको निर्देशनबाट परीक्षामा सामेल भएकी विद्यार्थीको रिजल्ट कलेजले पुनः उच्च अदालतले रिजल्ट दिनु भन्ने आदेश आएपछि मात्रै दिने भन्दै अन्याय गरेको, गोरखा जिल्लाको शहिद लखन गाउँपालिकामा जिप दुर्घटनामा परि ५ जनाको मृत्यु हुनुका साथै १२ जना घाइते भएको, सडक दुर्घटना न्यूनिकरण गर्न सरकारले विशेष ध्यान दिनु पर्ने, विद्यालय कर्मचारीको आन्दोलन र शैक्षिक क्षेत्रमा सुधारका विषयमा सदनमा लगातार आवाज उठेको तर आजसम्म त्यसको समाधानका लागि सरकारले ध्यान नदिएको, सार्वजनिक सर्जमिन गरी २०६३ सालदेखिका विदेशीलाई जन्मका आधारमा दिइएका नागरिकता खारेज गर्नु पर्ने, जन्मका आधारमा नागरिकता पाएका नेपालीका सन्तानलाई बंशजको आधारमा नागरिकता दिन नहुने, लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री रामहरि खतिवडा
२. मा० श्री ठाकुर प्रसाद गैरे
३. मा० श्री हितराज पाण्डे
४. मा० श्री राजेन्द्र बजगाई
५. मा० श्री एकनाथ ढकाल
६. मा० श्री देवेन्द्र पौडेल
७. मा० श्री प्रेम सुवाल

त्यसपछि प्रारम्भ भएको प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद ९ बमोजिम प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा निम्नलिखित माननीय सदस्यहरुले राख्नु भएको प्रश्नको सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले जवाफ दिनुभयो:-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अजय कुमार चौरसिया
३. मा० श्री अन्जनी श्रेष्ठ
४. मा० श्री अनिशा नेपाली
५. मा० श्री अब्दुल खांन
६. मा० श्री अम्बिका बस्नेत
७. मा० श्री अम्मर बहादुर थापा
८. मा० श्री अम्मर बहादुर रायमाझी
९. मा० डा० अमरेश कुमार सिंह
१०. मा० श्री अमृत लाल राजवंशी
११. मा० श्री अमृता देवी अग्रहरी
१२. मा० श्री अर्जुन नरसिंह के. सी.
१३. मा० श्री अशोक कुमार चौधरी

तत्पश्चात् विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथि जारी छलफलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय र राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो:-

१. मा० श्री योगेश कुमार भट्टराई
२. मा० श्री प्रेम सुवाल

यसैक्रममा माननीय श्री प्रेम सुवालले आफ्नो प्रस्ताव प्रस्तुत गरी सक्नुभएपछि माननीय श्री महेश कुमार वर्तौलाले विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथि जारी छलफलमा आजको कार्यसूचीमा उपराष्ट्रपतिको कार्यालयको समेत विषय रहेको तर उक्त कार्यालयको विनियोजन पुस्तक हालसम्म पनि प्राप्त नभएकोले उपराष्ट्रपतिको कार्यालयको शीर्षकहरुमाथि छलफलको विषय आजको कार्यसूचीबाट हटाइयोस् भन्नु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले उपराष्ट्रपतिको कार्यालयको विनियोजन पुस्तक उपलब्ध गराउन पहल भएको र विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको छलफल समयमै सकाउनु पर्ने बाध्यता रहेकोले छलफललाई अगाडी बढाउन सहयोग गर्न अनुरोध गर्नुहुँदा माननीय श्री महेश कुमार वर्तौलाले उपराष्ट्रपतिको कार्यालयलाई सरकारले छुट्याएको बजेटको शिर्षकका बारेमा सदनले जानकारी पाउनु पर्छ । उक्त शिर्षक उपर सम्बन्धित कार्यालयको पुस्तक उपलब्ध नभएसम्म छलफल हुन सक्दैन भन्नु भएपछि सम्माननीय सभामुखले १५ मिनेटपछि बस्ने गरी बैठक स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको यो बैठक आजै १५ मिनेट पछि बस्ने गरी दिनको १२:४५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको १५ मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:३० बजे प्रारम्भ भयो ।

प्रारम्भमा सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथि जारी छलफलमा उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथिको छलफल आजको कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी गराउँनु हुँदै उक्त कार्यालयको विनियोजन शीर्षकहरुमाथि खर्च कटौतीको प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरुले अबको १२ घण्टाभित्र विधेयक शाखामा दिन सक्नुहुने जानकारी गराउनु भयो ।

त्यसपछि विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथि जारी छलफलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय र राष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो:-

१. मा० श्री प्रभु साह
२. मा० श्री सुमना श्रेष्ठ
३. मा० श्री सराज अहमद फारुकी
४. मा० डा० अमरेश कुमार सिंह
५. मा० श्री हरिप्रसाद उप्रेती
६. मा० श्री पदम गिरी

तत्पश्चात् उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री अर्जुन नरसिंह के.सी.
२. मा० श्री रघुविर महासेठ
३. मा० श्री पूर्ण बहादुर घर्ति मगर
४. मा० श्री रवि लामिछाने
५. मा० श्री बुद्धिमान तामाङ
६. मा० श्री प्रदिप यादव
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री अब्दुल खांन
९. मा० श्री महन्थ ठाकुर
१०. मा० श्री रामहरि खतिवडा
११. मा० श्री रघुजी पन्त
१२. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१३. मा० श्री विराज भक्त श्रेष्ठ
१४. म० श्री ध्रुब बहादुर प्रधान
१५. मा० श्री प्रेम बहादुर आले
१६. मा० श्री संजय कुमार गौतम
१७. मा० श्री इश्वर बहादुर रिजाल
१८. मा० श्री रणेन्द्र बराली
१९. मा० श्री धवल शमशेर जंग बहादुर राणा
२०. मा० श्री हृदयराम थानी
२१. मा० श्री रण कुमारी बलम्पाकी मगर
२२. मा० श्री राम कुमार राई
२३. मा० डा० नारायण खड्का
२४. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२५. मा० श्री अच्युत प्रसाद मैनाली
२६. मा० श्री पूर्ण बहादुर तामाङ
२७. मा० श्री शान्ती श्रेष्ठ
२८. मा० श्री जाबेदा खातुन जागा
२९. मा० श्री रुक्मणी राना बराइली
३०. मा० श्री सूर्य प्रसाद ढकाल
३१. मा० श्री सुशिला थिङ
३२. मा० श्री तारा लामा तामाङ

यसैक्रममा माननीय श्री हृदयराम थानीले आफ्नो भनाई राखी सक्नु भएपछि माननीय श्री महेश कुमार वर्तौलाले नियमापत्ति गर्नुहुँदै माननीय श्री रणेन्द्र बराइलीले बोल्ने क्रममा खर्च कटौतीको प्रस्तावमाथीको छलफल नाटक हो भन्नुहुँदै प्रनिनिधि सभा नियमावली, २०७९ को नियम १४६ ले गरेको व्यवस्थाको प्रतिकुल अभिव्यक्ति दिनु भएकोले उहाँको उक्त अभिव्यक्ति संसदको रेकर्डबाट हटाउनु पर्ने भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रनिनिधि सभा नियमावली, २०७९ को नियम १४६ तर्फ वक्ता माननीय सदस्यको ध्यानाकर्षण गराउनु भयो ।

यसैबीच माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीले बोल्ने क्रममा छलफलको लागि बैठकमा गणपुरक संख्या आवश्यक पर्ने हो वा होइन भन्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ६ को उपनियम (५) बमोजिम बैठकमा मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल हुँदा मन्त्री अनिवार्य हुनु पर्ने भन्नु भएपछि सम्माननीय सभामुखले त्यसतर्फ ध्यानाकर्षण भएको जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार १० गते आइतबार बिहान १०:०० बजे बस्ने गरी बेलुका ७:५५ बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव